कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
नेपाल वन निगम लिमिटेडको
नियमावली

## परिच्छेद - १

## प्रारम्भिक

**कम्पनीको नाम** : यस कम्पनीको नाम नेपाल वन निगम लिमिटेड हुनेछ । जसलाई अंग्रेजीमा "NEPAL BAN NIGAM LIMITED" भनिनेछ ।

**कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा रहने छ । आवश्यकता अनुसार मुलुकका विभिन्न स्थानमा कार्यालय, डिपो, सःमिल तथा उद्योगहरू रहने छन् ।

**परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) **"कम्पनी"** भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित नेपाल वन निगम लिमिटेड सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ङ) **"ग्राहक"** भन्नाले कम्पनीसँग कारोबार गर्ने कुनै पनि व्यक्ति, कम्पनी, फर्म, संस्थान, संस्था वा अन्य कुनै प्रतिष्ठान, निकाय समेत सम्झनु पर्छ ।

(च) **"छाप"** भन्नाले कम्पनीको नामबाट कामकारवाहीका लागि प्रयोग गरिने सामान्य छाप सम्झनुपर्छ ।

(छ) **"तरल सम्पत्ति"** भन्नाले कम्पनीको नगद मौज्दात, सम्वन्धित निकायमा राखेको मौज्दात र कम्पनीको तरल सम्पत्ति भनी निर्धारण गरी दिएको सम्पत्ति सम्झनु पर्दछ ।

(ज) **"नियमावली"** भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।

(झ) **"पदाधिकारी"** भन्नाले कम्पनीको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लिक्विडेटर वा विभागीय जिम्मेवारी लिने कर्मचारी समेत सम्झनु पर्छ ।

(ञ) **"प्रबन्धपत्र"** भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।

(ट) **"प्रमुख कार्यकारी अधिकृत"** भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ठ) **"बोनश शेयर"** भन्नाले कम्पनीको सञ्चित मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरधनीहरूलाई अतिरिक्त शेयरको रूपमा जारी गरिएको शेयर सम्झनु पर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता मूल्य वृद्धि गरेको अवस्थालाई समेत जनाउँछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

४९. <u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यसतो कुरा खुलाउने</u> : छैन ।

५०. <u>अन्य आवश्यक कुरा</u> : (१) प्रदेश तहमा कम्पनीको काम कारवाहीलाई प्रभावकारी बनाउन देहाय बमोजिमको समन्वय समिति गठन गर्न सकिनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संयोजक |
| (ख) | निर्देशक, प्रदेश वन निर्देशनालय | सदस्य |
| (ग) | प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (घ) | कम्पनीको शाखा कार्यालय रहेको जिल्लाको डिभिजनल वन अधिकृत | सदस्य |
| (ङ) | प्रदेश पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालयले तोकेको कम्पनीको कामसँग सम्बन्धित एक महिला सहित दुईजना | सदस्य |
| (छ) | कम्पनीको सम्बन्धित शाखा प्रमुख | सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिमको सञ्चालक सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार अन्य निकाय, सँस्था वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिमको समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) प्रदेश अन्तर्गतका कम्पनीका शाखा कार्यालयहरूको वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्न सहयोग गर्ने ।

(ख) कम्पनीको स्वीकृत वार्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।

(ग) प्रदेश अन्तर्गतका राष्ट्रिय वन क्षेत्रभित्र राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/परियोजनाहरू सञ्चालन गर्दा हटाउनु पर्ने रुखहरूको व्यवस्थापन गर्न समन्वय गर्ने ।

(घ) खण्ड (ग) बमोजिम हटाईएका रुख बिरुवाको क्षतिपूर्तिबापत गर्नुपर्ने वृक्षारोपण, संरक्षण एवं व्यवस्थापन गर्न समन्वय गर्ने ।

(ङ) वन क्षेत्रमा वा घाटगद्दीमा रहेका काठ दाउरा आगलागी वा अन्य कारणबाट नोक्सान भएमा क्षतिको विवरण यकिन गरी कम्पनीमा सिफारिश गर्ने ।

(च) कम्पनीको शाखा कार्यालयहरूबाट सञ्चालन भएका हरियाली प्रवर्द्धन, काठजन्य पैदावार उत्पादन तथा बिक्री वितरण गर्ने लगायतका कार्यमा कुनै समस्या उत्पन्न भएमा समस्याको पहिचान गरी समाधानको लागि आवश्यक समन्वय गर्ने ।

(छ) काठ दाउराको माग र आपूर्तिको विश्लेषणको आधारमा प्रदेशभित्र काठ दाउराको आपूर्ति तथा अन्य प्रदेशमा काठ दाउरा सिपमेन्टको लागि समन्वय गर्ने ।

(५) समन्वय समितिको संयोजक तथा सदस्यले समितिको बैठकमा भाग लिएवापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।

५१. **नियमावली संशोधन भएमा लागु हुने अवस्था** : (१) यस नियमावलीमा कुनै संशोधन गर्नुपर्ने भएमा साधारणसभाबाट विशेष प्रस्ताव पारित गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संशोधन भएको नियमावली कार्यालयमा अभिलेख भएपछि मात्र संशोधन भएको मानिनेछ ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुने** : यस नियमावलीमा लेखिएका कुराहरू ऐन, प्रचलित अन्य कानून वा प्रबन्धपत्रसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

५३. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण** : हामी नेपाल वन कम्पनी लिमिटेडका संस्थापकहरूले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/२३ को निर्णय अनुसार पूर्ण सरकारी स्वामित्वको यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मन्जुर गरेका छौं । संस्थापक शेयरवाला निकायको प्रतिनिधिको हैसियतले यो नियमावलीमा उल्लेखित हाम्रो नाम, हस्ताक्षर, लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छ भनी सहीछाप गरेका छौं ।